सम्पर्क नं.
नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्र.अ. ०९१-५६०११८

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## सामाजिक परिचालक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना
( प्रथम पटक प्रकाशित मितिः- २०७७-०५-२९)

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय तथा टीकापुर नगरपालिका द्वारा संचालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम र नेपाल सरकार ,सशर्त अनुदान तर्फको बजेट र कार्यक्रम अन्तर्गत टीकापुर नगरपालिका पशु सेवा शाखाका लागि आवश्यक सामाजिक परिचालक पद करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा पदपूर्ति समितिको मिति २०७७/०५/२८ को निर्णय अनुसार तपसिल बमोजिम शर्तहरुको अधिनमा रहने गरी कार्य गर्न इच्छुक योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| ०१ | ०२/०७७/०७८ | सामाजिक परिचालक (NCCSP 2) | स्थानीय सेवाको सहायक स्तर पाचौं तह सरह | १ |
| ०२ | ०३/०७७/०७८ | सामाजिक परिचालक (पशु सेवा प्राविधिक) | स्थानीय सेवाको सहायक स्तर चौथो तह सरह | १ |

**१.आवश्यक न्युनतम योग्यता र अनुभव :-**

***विज्ञापन नं ०२/०७७/०७८ को हकमा***

क. १०+२ वा सो सरह उत्तीर्ण गरेको

ख. सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको अनुभव भएको

ग. कम्प्युटर तथा सुचना प्रविधिमा राम्रो दखल भएको ।

घ. स्थानीय भाषाको राम्रो ज्ञान भएको, स्थानीय तहमा काम गरेको अनुभवीलाई ग्राहयता दिईने ।

***विज्ञापन नं ०३/०७७/०७८ को हकमा***

क. प्राविधिक धार , भेटेरिनरी तर्फ टी.एस.एल.सी. उत्तीर्ण गरेको वा पशुपालन सम्बन्धि भेटेरिनरी जे.टि.ए. वा सो सरह उत्तीर्ण गरेको ।

ख. सम्वन्धित पेशामा काम गरेकोलाई ग्राहयता दिईनेछ ।

२. **उमेर :-** विज्ञापन नं २ को हकमा कम्तिमा १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको र विज्ञापन नं. ३ को हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थान :-** टीकापुर नगरपालिकां, नगर कार्यपालिकाको कार्यालय ।

४. **दरखास्त दिने अन्तिम मिति :-** (सूचना प्रकासित भएको मितिले पन्ध्रौं दिन )

५. **आवेदन दस्तुर :-** विज्ञापन न.२ को हकमा रु.४०० (चार सय) र विज्ञापन नं. ३ को हकमा रु. ३००।- (तीन सय) टीकापुर नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, टीकापुरमा रहेको आन्तरिक राजश्व **खाता नं.१०७०३०००००१००१००००००१** मा वा नगर कार्यपालिकाको कार्यालयको राजस्व उपशाखामा तोकिएको दस्तुर तिरेको नगदी रसिद ।

६. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र अन्तर्वार्ता परीक्षा

७. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयंमले प्रमाणित गरेको देहायको बमोजिम कागजातको प्रतिलिपीहरु : नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट साईजको फोटो

८. **सेवा सुविधा :-** नगरपालिकाको नियमानुसार

९. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** कार्यविवरण अनुसार हुनेछ। कार्यविवरण र दरखास्त फाराम यस नगरपालिकाको website www.tikapurmun.gov.np मा उपलब्ध हुनेछ ।

१०. **कार्य अवधि :-** २०७८ आषाढ मसान्त सम्म ।

**मोहन प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**